केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४११४०७
फ्याक्स : ४१४५५२
E-mail : <bkpromot@htp.com.np>
Web Sites : www.nrb.org.np
टेलिग्राम : "रावा"
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/१३/०६४/६५ मिति : २०६४/६/२०

**इजाजतपत्र प्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरु**

महाशय,

नेपाल धितोपत्र विनिमय बजार लि.मा सूचिकृत संस्थाहरुको शेयरको धितोमा बैंक तथा वित्तीय संस्थाबाट प्रवाह हुने Margin Lending प्रकृतिको शेयर सुरक्षण राखी प्रवाह हुने कर्जाका सम्बन्धमा देहायका शर्तहरु पालना गरेर मात्र सो अनुसारको कर्जा प्रदान गर्न सकिने व्यवस्था कायम गरिएको व्यहोरा अनुरोध छ ।

(१) यसरी प्रवाह हुने कर्जाको हकमा सुरक्षण बापत राखिने शेयरको मूल्याङ्कन गर्दा पछिल्लो ९० कारोवार दिनको Closing Price को औषत लिनु पर्नेछ ।

(२) उपरोक्त बुँदा नं. (१) बमोजिम कायम हुने औषत मूल्यको आधारमा सुरक्षण बापत राखिने शेयरको मूल्याङ्कित रकमको बढीमा ५० प्रतिशतसम्म मात्र कर्जा प्रदान गर्न सकिने छ । एक पटक प्रवाह गरिसकेको यस्तो कर्जालाई सुरक्षणमा रहेको शेयरको पूर्नमूल्याङ्कन गरी सोको आधारमा थप कर्जा सिमा कायम गर्न वा थप कर्जा प्रदान गर्न पाइने छैन ।

(३) यसरी प्रवाह भएको कर्जाको अवधि एक वर्षभन्दा बढी हुन नहुने र त्यस्तो कर्जा नवीकरण, पुर्नसंरचान र पुर्नतालिकीकरण गर्न समेत पाइने छैन ।

(४) प्राथमिक पूँजी/नेटवर्थ ऋणात्मक भएका संगठित संस्थाहरुको शेयरको धितोमा यस्तो कर्जा प्रवाह गर्न पाइने छैन ।

(५) यस्तो कर्जा प्रदान गर्ने सम्बन्धमा बैंक तथा वित्तीय संस्थाको आफ्नो कर्जा नीति/निर्देशिका मा स्पष्ट व्यवस्था भएको हुनुपर्नेछ ।

(६) यस्तो कर्जा प्रदान गर्दा अन्य कर्जा प्रदान गरे सरह अवलम्बन गर्नुपर्ने सम्पुर्ण प्रकिया पुरा गरेको हुनुपर्नेछ ।

(७) यसरी प्रवाह भएको कर्जा असल कर्जामा रहेको अवस्थामा बाहेक अन्य अवस्थामा शत् प्रतिशत कर्जा नोक्सानी व्यवस्था कायम गर्नुपर्नेछ ।

(८) यो निर्देशन जारी हुनु अगावै प्रदान भएका कर्जाहरुको हकमा उपरोक्त व्यवस्था अनुसार हुने गरी २०६५ आषाढ मसान्तसम्ममा निर्देशनको सीमा भित्र ल्याई कर्जाहरु नियमित गरी सक्नु पर्नेछ ।

भवदीय,

(केशवराज आचार्य)
निर्देशक

**बोधार्थ :**

१. नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
२. नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
३. नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
४. नेपाल राष्ट्र बैंक, कानून महाशाखा ।
५. नेपाल राष्ट्र बैंक, जिल्ला स्थित कार्यालयहरु ।
६. नेपाल बैंकर्स संघ, हेरिटेजप्लाजा, काठमाण्डौं ।
७. विकास बैंक तथा वित्तीय संस्था संघ नेपाल, बबरमहल, काठमाण्डौं ।
८. नेपाल वित्त कम्पनी संघ, वागदरवार, विजनेस कम्प्लेक्स, काठमाण्डौं ।